**30st of August**

**मुख्य समाचारहरुबाट**

- **जापान यात्रा सम्पन्न गरेर प्रधानमन्त्री मोदीले गर्नुभयो चीन भ्रमणका लागि प्रस्थान,**
- **नोएडामा मन्त्री अश्विनी वैष्णवले गर्नुभयो देशको पहिलो टेम्पर्ड ग्लास निर्माण संयन्त्रको उद्घाटन :**
- **रक्षा क्षेत्रमा आत्मनिर्भरता, अस्तित्व र प्रगतिका लागि अपरिहार्य भएको रक्षामन्त्रीको भनाई**
- **प्यारिसमा आयोजीत विश्व बैडमिन्टन च्याम्पियनशिपमा आज भारत अनि चीनबिच भिडन्त हुने**

**जापान यात्रा सम्पन्न गरेर प्रधानमन्त्री मोदीले गर्नुभयो चीन भ्रमणका लागि प्रस्थान,**

प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने सफल जापान यात्रा सम्पन्न गरेर आज चीनतर्फ प्रस्थान गर्नुभएको छ। चीनमा उहा शाङ्घाई सहयोग संगठन (SCO) शिखर सम्मेलनमा सहभागी हुनुहुने छ। दुई दिनसम्म चल्ने यो बैठक भोलिदेखि सुरु हुनेछ। सम्मेलनका क्रममा प्रधानमन्त्री मोदीले विभिन्न  देशका  नेताहरूसँग भेटवार्ता गर्दै क्षेत्रीय सुरक्षा, आपसी सम्पर्क, दिगो विकास र वैश्विक सहकार्यजस्ता विषयमा विचार–विमर्श गर्नुहुने छ। यस बैठकमा संगठनका 25 वर्षका उपलब्धिहरूमाथि छलफल हुनेछ र आगामी 10 वर्षका लागि कार्ययोजना अनुमोदन गरिनेछ। यो चीनमा पाँचौँ पटक SCO बैठक आयोजित हुँदैछ। सम्मेलनको अध्यक्षता चीनका राष्ट्रपति शी जिनपिङले गर्नुहुने छ। यस बैठकमा 20 भन्दा बढी राष्ट्राध्यक्ष तथा करिब 10 अन्तर्राष्ट्रिय संगठनका प्रतिनिधिहरूको सहभागिता रहने अपेक्षा गरिएको छ। सहभागी हुने प्रमुख नेतामध्ये रूसका राष्ट्रपति भ्लादिमिर पुटिन पनि रहनुभयो छ।

**नोएडामा मन्त्री अश्विनी वैष्णवले गर्नुभयो देशको पहिलो टेम्पर्ड ग्लास निर्माण संयन्त्र उद्घाटन :**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आज उत्तर प्रदेशको नोएडामा देशको पहिलो टेम्पर्ड ग्लास निर्माण संयन्त्र शको उद्घाटन गर्नुभएको  छ। यो संयन्त्रले भारतमा इलेक्ट्रोनिक्स वि-निर्माणलाई प्रवर्द्धन गर्ने र मेक–इन–इन्डिया पहललाई अझ मजबुत बनाउने दिशामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। मन्त्री वैष्णवका अनुसार, भारतले पछिल्ला केही वर्षमा इलेक्ट्रोनिक्स वि-निर्माण क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ। उहाले भन्नुभयो– देशमा इलेक्ट्रोनिक्स विनिर्माणको इको–सिस्टम नयाँ स्वरूप लिन थालेको छ।

केन्द्रीय मन्त्रीले जानकारी दिएअनुसार, भारतमा इलेक्ट्रोनिक्स उत्पादन करिब छ गुणा बढेको छ। अहिले मोबाइल, ल्यापटप र अन्य उपकरणका कलपुर्जा पनि देशमै निर्माण भइरहेको छ।

**रक्षा क्षेत्रमा आत्मनिर्भरता अस्तित्व र प्रगतिका लागि अपरिहार्य : रक्षामन्त्री राजनाथ सिं**

रक्षामन्त्री राजनाथ सिंहले रक्षा क्षेत्रमा आत्मनिर्भरता कुनै विकल्प नभई अस्तित्व र प्रगतिका लागि अपरिहार्य शर्त भएको बताउनु भएको छ। नयाँ दिल्लीमा आयोजित रक्षा सम्मेलनलाई सम्बोधन गर्दै उहाले आत्मनिर्भर भारतले आफ्नो सामरिक स्वाय-त्तताको रक्षा गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो। 'अपरेशन सिन्धूर' को सफलतामाथि प्रकाश पार्दै मन्त्री सिंहले यो देशको बढ्दो स्वदेशी रक्षा क्षमताको स्पष्ट प्रमाण भएको बताउनुभयो। उहाका अनुसार, सशस्त्र बलहरूले स्वदेशी उपकरण प्रयोग गरी पाकिस्तानी आधारहरूमा गरेका सटीक आक्रमणहरूले देखाएको छ कि दीर्घ तयारी, स्पष्ट दृष्टि र ठोस समन्वयबिना कुनै पनि मिशन सफल हुन

श्री सिंहले 'सुदर्शन चक्र मिशन' लाई भविष्यको सुरक्षाका लागि ऐतिहासिक मोडको रूपमा उल्लेख गर्दै भन्नुभयो– यस मिशनको उद्देश्य रक्षात्मक र आक्रामक दुवै प्रविधि प्रयोग गरेर देशभरका महत्वपूर्ण स्थानहरूलाई पूर्ण हवाई सुरक्षा उपलब्ध गराउनु हो।

उहाका अनुसार, डीआरडीओले यसै महिना स्वदेशी एकीकृत वायु रक्षा हतियार प्रणालीको सफल परीक्षण गरेको छ, जुन प्रधानमन्त्रीको दृष्टिकोण साकार गर्ने दिशामा पहिलो महत्त्वपूर्ण कदम हो। साथै, सरकारले शक्तिशाली स्वदेशी एयरो–इञ्जिनको विकास र निर्माणको चुनौती स्वीकार गरेको उनले घोषणा गर्नुभयो।

रक्षामन्त्री सिंहले भन्नुभयो– देशका सबै युद्धपोत अहिले भारतमै निर्माण भइरहेका छन्।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**अध्यक्ष ओम बिरलाले**

लोकसभा अध्यक्ष ओम बिरलाले ती सबै राज्य तथा केन्द्रशासित प्रदेशहरूमा, जहाँ अहिलेसम्म गठन नभएका, अनुसूचित जाति (SC) र अनुसूचित जनजाति (ST) कल्याणसम्बन्धी समितिहरू गठन गर्न आह्वान गर्नुभएको छ। भुवनेश्वरमा सम्पन्न अनुसूचित जाति तथा जनजाति कल्याणसम्बन्धी संसद र राज्य विधानसभाका समितिहरूका अध्यक्षहरूको दुई दिने राष्ट्रिय सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै उहाले भन्नुभयो कि SC/ST को जीवनस्तर उकास्न यस्ता समितिहरू अपरिहार्य छन्। उहाका अनुसार, सम्मेलनको क्रममा समितिले केन्द्र र राज्यका विभिन्न योजनाहरूको लाभ जमीनी तहसम्म पुऱ्याउने र बजेटीय प्रावधानलाई प्रभावकारी रूपमा खर्च गर्ने निर्णय गरेको छ।

**सफाई दृश्यमान हुने गरी गर्न सबै राज्यलाई मन्त्री मनोहर लालको आग्रह**

केन्द्रीय आवास तथा शहरी कार्य मन्त्री मनोहर लालले सबै राज्यलाई सफाई अभियानलाई तीव्र गतिमा अघि बढाउन आग्रह गर्नुभएको छ। उहाका अनुसार, सफाई यस्ता ढंगले हुनुपर्छ जसको प्रभाव प्रत्यक्ष रूपमा देखियोस्। शहरी क्षेत्रका लागि स्वच्छ भारत मिशन दोस्रो चरण सम्बन्धीको भर्चुअल बैठकलाई सम्बोधन गर्दै मन्त्री मनोहर लालले स्वच्छता र शहरी विकास एक–अर्कासँग गहिरो सम्बन्धित रहेको बताउनुभयो। यस क्रममा उहाले शहरी विकास तथा नीतिको कार्यान्वयनका प्रमुख वाहकका रूपमा सफाई लक्ष्य इकाइ (CTU) को महत्वबारे पनि प्रष्ट पार्नुभयो। उहाले जानकारी दिएअनुसार मन्त्रालयले शहरी भूमि तथा सार्वजनिक स्थानहरूको समयबद्ध सफाईका

लागि कार्ययोजना तयार पारेको छ, जसको नियमित समीक्षा हुनेछ। यस कार्यमा नागरिकहरूको सक्रिय सहभागिता र स्वच्छता एप मार्फत निगरानी गरिनेछ।

मन्त्री मनोहर लालका अनुसार, CTU को मुख्य उद्देश्य अस्वच्छ स्थानहरूलाई आकर्षक र सुन्दर स्थानमा रुपान्तरण गर्नु हो

## संघर्ष, गरिबी र जलवायु विपत्तिका कारण हैजाको बढ्दो प्रकोपबारे डब्ल्यूएचओको चिन्ता

विश्व स्वास्थ्य संगठन (WHO) ले संघर्ष, गरिबी र जलवायु सम्बन्धी विपत्तिका कारण विश्वभर फैलिँदो हैजाको प्रकोपप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। यस वर्ष अगस्टसम्म कूल 31 देशमा 4 लाखभन्दा बढी व्यक्ति हैजाबाट प्रभावित भएका छन्, जसमा करिब 4 हजार जनाले ज्यान गुमाइसकेका छन्। हैजाका सबैभन्दा धेरै घटना पूर्वी भूमध्यसागरीय क्षेत्रमा देखिएका छन् भने मृत्युको दर भने अफ्रिकी देशहरूमा उच्च रहेको छ। संगठनका अनुसार, बाढी प्रभावित क्षेत्रहरू र विस्थापित समुदायहरूमा स्वच्छता, सफा पानी र स्वास्थ्य सेवाको अभावका कारण यो संकट थप गहिरिँदै गएको छ। यसबाट जोगिन तुरुन्त प्रभावकारी कदम चाल्न आवश्यक रहेको बताइएको छ।

## विश्व बैडमिन्टन च्याम्पियनशिप : सात्विक र चिराग सेमीफा□नलमा प्रवेश, भारतका लागि पदक पक्का

पेरिसमा जारी विश्व बैडमिन्टन च्याम्पियनशिपको पुरुष डबल्स सेमीफाइनलमा आज भारतका सात्विक साईराज  र चिराग शेट्टी प्रतिस्पर्धा गर्नेछन्। नवौँ वरीयतामा रहेका भारतीय जोडीले एघारौँ वरीयतामा रहेका चीनका चेन बो याङ र लिउ यीसँग सामना गर्नेछन्। सात्विक र चिरागले सेमीफाइनलमा प्रवेश गरेसँगै भारतका लागि कम्तीमा एक पदक सुनिश्चित भएको छ।

- **जापान यात्रा सम्पन्न गरेर प्रधानमन्त्री मोदीले गर्नुभयो चीन भ्रमणका लागि प्रस्थान,**
- **नोएडामा मन्त्री अश्विनी वैष्णवले गर्नुभयो देशको पहिलो टेम्पर्ड ग्लास निर्माण संयन्त्रको उद्घाटन :**
- **रक्षा क्षेत्रमा आत्मनिर्भरता, अस्तित्व र प्रगतिका लागि अपरिहार्य भएको रक्षामन्त्रीको भनाई**
- **प्यारिसमा आयोजीत विश्व बैडमिन्टन च्याम्पियनशिपमा आज भारत अनि चीनबिच भिडन्त हुने**